छत्रदेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकूद शाखा

छत्रगञ्ज, अर्घाखाँची

प.स.०८३/०८४ लुम्बिनी प्रदेश, नेपाल

च. न. मिति: २०८३/०८/०५

सहभागिताका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा गाउँपालिका राष्ट्रिय महासंघको च.नं.७२, मिति २०८३/०७/२७ को प्राप्त पत्रानुसार गैरसरकारी संस्था महासंघ नेपालको आयोजनामा मिति २०८३ मङसिर १२ र १३ गते काठमाडौंमा आयोजना हुने राष्ट्रिय युवा सम्मेलनमा यस गाउँपालिका बाट १ जना सहभागी गराउनुपर्ने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक छत्रदेव गाउँपालिका भित्रका १८ देखी ३५ वर्ष उमेर सम्मका (पुरुष/महिला) युवाहरुले मिति २०८३/०८/०८ गते कार्यालय समय भित्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

बासुदेव खनाल

प्रमुख प्रशासकीय अधिकृत

E-mail: chhatradev.ruralmun@gmail.com / echhatradev@gmail.com Phone No.: ९८५७०६६९७१

CamScanner

गैरसरकारी संस्था महासंघ नेपाल
NGO Federation of Nepal (NFN)

मिति : २०८३/०९/११

श्री अध्यक्षज्यू ,
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
अनामनगर , काठमाडौं ।

विषय: राष्ट्रिय युवा सम्मेलनमा प्रत्येक गाउँपालिकाबाट युवा प्रतिनिधि सहभागी गराइदिनुहुन अनुरोध।

महोदय,

गैरसरकारी संस्था महासंघ नेपालले नागरिक तथा नागरिक संस्थाको सहभागिता, युवा नेतृत्व विकास र नागरिक क्षेत्रको सुदृढीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको यहाँलाई अवगत नै छ ।

यसै सन्दर्भमा महासंघले नागरिक अधिकार क्षेत्र (Civic Space) सम्बन्धी विषयमा नेपालका सातै प्रदेशमा प्रादेशिक युवा सम्मेलनहरू आयोजना गरिसकेको छ । उक्त कार्यक्रमबाट प्राप्त अनुभव, सिकाइ तथा युवाहरूको सुझावलाई राष्ट्रियस्तरमा एकीकृत गर्दै आगामी दिनमा सातै प्रदेशका युवाहरूको सहभागितामा राष्ट्रिय युवा सम्मेलन आयोजना गर्न गई रहेका छौं ।

उक्त सम्मेलनमा प्रत्येक गाउँपालिकाबाट १८ देखि ३५ वर्ष उमेर समूहका एक जना महिला वा पुरुष युवा प्रतिनिधि छनोट गरी सहभागी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

सम्मेलनको विवरण निम्नानुसार रहेको छ।
कार्यक्रम: राष्ट्रिय युवा सम्मेलन
मिति: २०८३ साल मंसिर १२ र १३ गते
स्थान: काठमाडौं
सहभागी: गाउँपालिकाबाट एक जना युवा प्रतिनिधि (महिला वा पुरुष)

(नोट: कार्यक्रम अवधिभर सहभागीको खाना आयोजकका तर्फबाट गरिनेछ तर सहभागीको आउने-जाने यातायात खर्च तथा बसोबासको व्यवस्था भने सम्बन्धित गाउँपालिकाद्वारा व्यवस्थाका लागि सहजीकरण गरिदिनुहुन अनुरोध छ।)

भवदीय,

देवी खड्का
महासचिव
गैर सरकारी संस्था महासंघ नेपाल

(A National Federation of NGOs in Nepal)
An Organization with Special Consultative Status of Economic and Social Council (ECOSOC) of the United Nations
▪ P.O. Box: 7768, Buddhanagar, Kathmandu ▪ Phone (977-1) 4792908/4791368
▪ Fax: (977-1) 4790559 ▪ E-mail: info@ngofederation.org ▪ Website: www.ngofederation.org

CamScanner